Symbol No.................. RE-123'A'

# SEE 2078 (2022)

# अनिवार्य सामाजिक अध्ययन

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।**

**समय : २ घण्टा १५ मिनेट** **पूर्णाङ्क : ७५**

## समूह 'क' (Group 'A')

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** **७x१=७**

**Write very short answer to the following questions:**

१. मानव विकास सूचकाङ्क भनेको के हो ?
What is Human Development Index?

२. राष्ट्रिय गौरवका आयोजनाहरू सञ्चालन गर्ने अधिकार किन सङ्घीय सरकारमा राखेको होला ? आफ्नो धारणा एक वाक्यमा लेख्नुहोस् ।
Why do the right to operate the Projects of National Pride keep in Federal Government? Write your opinion in one sentence.

३. ज्येष्ठ नागरिकप्रति तपाईंको दायित्व एक वाक्यमा लेख्नुहोस् ।
Write your responsibility towards elder citizens in one sentence.

४. मानव बेचबिखन विरुद्धको र्‍यालीमा प्रदर्शन गर्न सकिने एक ब्यानरको नमुना तयार गर्नुहोस् ।
Prepare a model of banner against human trafficking to display in a rally.

५. त्रिपक्षीय सन्धिको कुनै एक विशेषता उल्लेख गर्नुहोस् ।
Mention a feature of the tripartite treaty.

६. उपभोक्ता अधिकारभित्र पर्ने कुनै एक अधिकार लेख्नुहोस् ।
Write a right which comes under the Consumer's Rights.

७. विश्वव्यापीकरणको एक सकारात्मक पक्ष लेख्नुहोस् ।
Write a positive aspect of globalization.

## समूह 'ख' (Group 'B')

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** **१०x४=४०**

**Write short answer to the following questions:**

८. कर्णाली प्रदेशमा जलविद्युत विकासको उच्च सम्भावना छ, कसरी ? उदाहरणसहित लेख्नुहोस् ।
There are high possibilities of hydroelectricity development in Karnali Province, how? Write with examples.

९. अव्यवस्थित विकास कार्यले कसरी विनाश निम्त्याउँछ ? कारणहरू दिनुहोस् ।
How does haphazard development works bring destruction? Give reasons.

क्रमश:

१०. "लोक सङ्गीतले कुनै स्थान वा जातिको प्रतिनिधित्व गर्छ।" यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस्।
"Folk music represents the culture of a place or race." Justify this statement with examples.

११. आफू बसेको स्थानमा सामाजिक समस्या हुन नदिनका लागि तपाईंले के कस्तो भूमिका निर्वाह गर्नुहुन्छ ? लेख्नुहोस्।
What role do you play to control social problem in the area you live in? Write down.

१२. मानव अधिकार र मौलिक अधिकारबिचका अन्तरसम्बन्ध समीक्षा गर्नुहोस्।
Critically comment the inter-relationship between human rights and fundamental rights.

१३. हावापानी र भूबनोटले दक्षिण अमेरिकी मुलुकहरूको बसाइँ सराइँमा पार्ने प्रभावहरू लेख्नुहोस्।
Write down the impacts on migration of South American nations due to climate and topography.

१४. उष्ण प्रदेशको हावापानीका चारओटा विशेषताहरू लेख्नुहोस्।
Name any four features of climate of tropical zone.

१५. 'नेपालको प्रथम जननिर्वाचित सरकारले गरेका सुधारहरू र तिनले पारेको प्रभाव सम्बन्धमा आफ्ना धारणा चार बुँदामा प्रस्तुत गर्नुहोस्।
Present your views in four points on reforms and their impacts performed by the first people's Elected Government in Nepal.

१६. तपाईंको समुदायमा बैंकबाट ऋण लिएर व्यवसाय गर्ने व्यक्ति हुनुपर्छ। उहाँले ऋणको सदुपयोग कसरी गर्नुभएको छ ? उहाँको आर्थिक, सामाजिक प्रगति र सफलता समेटी एक छोटो अनुच्छेद सिर्जना गर्नुहोस्।
There must be a person in your community who has commenced business taking bank loan. How has s/he utilized the loan? Create a short paragraph compiling his/her socio-economic progress and success.

१७. कोरोना भाइरस (कोभिड-१९) का कारण विश्वमा परेका प्रभावहरूबारे सङ्क्षिप्तमा उल्लेख गर्नुहोस्।
Present in brief the effects caused due to Corona Virus (COVID-19) in the world.

## समूह 'ग' (Group 'C')

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् : ४x७=२८**
**Write long answer to the following questions:**

१८. मानव अधिकारको संरक्षण गर्न हाम्रा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको भूमिकालाई थप प्रभावकारी बनाउन तपाईंको योजना के हुन सक्छ ? आफ्ना योजना प्रस्तुत गर्नुहोस्।
What plans do you have to make the role of national and international organizations in protection of Human Rights more effective? Present your plans.

१९. पृष्ठभरि नेपालको नक्सा बनाई आफू बसेको प्रदेश देखाउँदै त्यसमा उपयुक्त सङ्केत गरी निम्न तथ्यहरू भर्नुहोस् :
Draw a full page map of Nepal showing province where you live in and insert the following facts using with appropriate symbols.
भेडेटार (Bhedetar), देवीघाट जलविद्युत परियोजना (Devighat hydropower project), सिद्धार्थ राजमार्ग (Siddhartha highway), कुभिन्डे दह (Kubhinde lake)

**अथवा (Or)**

अफ्रिका महादेशको नक्सा बनाई निम्न तथ्यहरू भर्नुहोस्।
Draw an outline map of Africa and insert the following facts.
सहारा मरुभूमि (Sahara Desert), भिक्टोरिया ताल (Lake Victoria), भूमध्यरेखा (Equator), सेसेल्स (Seychelles)

**अथवा (Or) दृष्टिविहीनहरूका लागि मात्र**

भूकम्पका लागि नेपालमा गरिएका पूर्व तयारीका गतिविधिको मूल्याङ्कन गर्नुहोस्।
Evaluate the prepared activities of Earth quack in Nepal.

२०. वि.सं २०६२/०६३ को जनआन्दोलनदेखि नेपालको संविधान जारी नहुन्जेलसम्मको अवधि नेपालको राजनीतिक सङ्क्रमणको अवधि थियो। यस भनाइलाई उदाहरणहित पुष्टि गर्नुहोस्।
There was political transition in Nepal from the people's movement, 2062/063 B.S. till the date of constitution of Nepal was promulgated. Justify with examples.

२१. सहकारीलाई मानिसको आर्थिक क्रियाकलापसँग जोडेर लैजान सकेमा व्यक्ति, परिवार, समाज र राष्ट्रकै आर्थिक उन्नति हुन्छ, कसरी ? प्रस्ट पार्नुहोस्।
There will be economic prosperity of a person, family, society and nation, if co-operative is connected with economic activities of people. Clarify it.

✍ ✍ ✍